# संघ/संस्थाको विधान नमूना

मितिः

श्री स्थानीय अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय पाल्पा।

**विषयः संस्था दर्ता गरि पाँउ ।**

हामी ..........................................................सामाजिक संस्था, संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता गर्न चाहेकोले रु १० को टिकट टाँसी प्रस्तावित विधानको ३ प्रति, पदाधिकारीहरुको नागरिकताको प्रमाणित प्रतिलिपि २/२ प्रति समेत यसैसाथ संलग्न गरी देहायको विवरण खुलाई निवेदन पेश गरेको छौं।

**विवरण :**

**१. संस्थाको नाम :**

**२. संस्थाको ठेगाना :**

**३. संस्थाको मूलभूत उद्देश्य**

यो संस्था गैर नाफामूलक जनहितकारी सामाजिक संस्थाको रुपमा रहने छ।

क) .........................................

ख) .........................................

ग) .........................................

घ) .........................................

ङ) .........................................

माथि उल्लेखित उद्देश्य प्राप्तिका कार्य गर्दा सम्वन्धित निकायको स्वीकृति लिनपर्ने भएमा लिएर मात्र सम्पादन गरिनेछ। कानुन विपरित कुनै पनि कार्य गरिने छैन। यसरी कार्य गर्दा आफनो अधिकारको प्रयोग गर्दा अरुको हकमा कुनै असर पारिने छैन।

**४. संस्थाको आर्थिक श्रोतः**

(क) सदस्यता शुल्क र नविकरण शुल्क
(ख) दान तथा उपहार
(ग) सरकारी तथा गैरसरकारी अनुदान
(घ) विदेशी दातृ संस्थाबाट प्राप्त हुने अनुदान सहयोग लिंदा नेपाल सरकारको प्रचलित नियम अनुसार पूर्व स्वीकृती अनिवार्य लिइने छ ।

**५. प्रवन्ध समितिका पदाधिकारी :**

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

भवदीय

.......................

# श्री ...................................... को विधान २०७९

**प्रस्तावना :**

संस्थाले आफ्नो संस्थाको बारेमा छोटकरीमा र स्पष्ट रुपमा प्रस्तावना उल्लेख गर्ने र अन्तिममा यो विधान संस्था दर्ता ऐन २०३४ को अधिनमा रहि तर्जुमा गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक :

**१. संक्षिप्त नाम र प्रारम्भ :**

यस संस्थाको नाम ........................ रहनेछ। अंग्रेजीमा ............................. रहनेछ। छोटकरीमा नेपालीमा .......... र अंग्रेजीमा ....................... रहनेछ।

**(क) संस्थाको कार्यालय रहने ठेगाना :**

यस संस्थाको कार्यालय...................... जिल्ला.................नगरपालिका/गाउँपालिका वार्ड नं.........मा रहनेछ।

**(ख) संस्थाको कार्यक्षेत्र :**

यस.............................संस्थाको कार्यक्षेत्र........................................................ जिल्ला ....................नगरपालिका/गाउँपालिका हुनेछ। आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल राज्यभित्र कार्य क्षेत्र विस्तार गर्न सकिने छ।

**(ग) प्रारम्भः**

यो विधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ।

**(घ) संस्थाको अस्तित्वः**

यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर-नाफामुलक, गैर-राजनीतिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ। संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस पछि यस विधानमा :

(क) "विधान" भन्नाले ....................................................को विधानलाई सम्झनुपर्छ।

(ख) "संस्था" भन्नाले ....................................................लाई सम्झनुपर्छ।

(ग) "सदस्य" भन्नाले संस्थापक सदस्य, साधारण सदस्य तथा आजीवन सदस्यलाई सम्झनु पर्छ।

(घ) "परिषद" भन्नाले समाज कल्याण परिषदलाई सम्झनु पर्दछ।

(ङ) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ।

(च) "समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँछ।

(छ) "सभा" भन्नाले संस्थाको यस विधान बमोजिम वसेको साधारण सभा र विशेष साधारण सभा समेतलाई जनाउँछ।

(ज) "नियम विनियम" भन्नाले संस्थाको उद्देश्य हासिल गर्न विधान बमोजिम तर्जुमा गरिने नियमावलीलाई सम्झनुपर्छ।

(झ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस विधान र विधान अन्तर्गत बनेको नियम विनियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(ञ) "पदाधिकारी" भन्नाले संस्थाका पदाधिकारीलाई सम्झनु पर्दछ।

(ट) "स्थानीय" निकाय भन्नाले नगरपालिका, गाउँपालिका, उपमहानगरपालिका, महानगरपालिका, जि.स.स.लाई जनाउँदछ।

(ठ)

**३. चिन्ह र छाप**

प्रचलित व्यवस्थाको प्रतिकुल नहुने गरी संस्थाको छुट्टै छाप र चिन्ह हुनेछ। छाप र चिन्ह अनुसूची १ बमोजिमको ढाँचामा हुनेछ। तर संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिने छ।

## परिच्छेद २

## संस्थाको उद्देश्य तथा कार्यक्रमहरु

**४. संस्थाको उद्देश्य :**

संस्थाको उद्देश्य नेपालको संविधान, प्रचलित ऐन, कानुनको पालना गर्ने गरी देहाय बमोजिमका हुनेछन।

(क) यो संस्था मुनाफारहित जनहितकारी संस्था हुनेछ।

(ख) ......................

(ग) ........................

(घ) .........................

(ङ) ..........................

(च) .........................

**५. संस्थाको उद्देश्य प्राप्तिका लागि गरिने कार्यहरु :**

(क) संस्थाले प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी आफ्नो उद्देश्य कार्यान्वयन गर्नेछ।

(ख) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्नेछ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनको सेवा शर्तहरु निर्धारण गर्नेछ।

(घ) संस्थालाई आवश्यक पर्ने जग्गा तथा भवन खरिद गर्न, भाडामा वा लिजमा लिन भवन निर्माण गर्न र कम्प्युटर, टेलिफोन लगायतका सामान खरिद गर्न वा भाडामा लिई प्रयोग गर्न सक्ने छ।

## परिच्छेद ३
## सदस्यता

**६. सदस्यता वर्गिकरण:**

यस संस्थामा देहाय बमोजिमका ४ प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छ।

**(क) साधारण सदस्य :**

यस विधानको दफा ७ बमोजिम योग्यता भएको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रक्रिया पुरा गरी आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त व्यक्तिहरु साधारण सदस्य हुनेछन्।

**(ख) संस्थापक सदस्य :**

यो संस्था दर्ता हुँदाको बखतमा सदस्यता प्राप्त गरि सकेका व्यक्तिहरु संस्थापक सदस्य हुनेछन्। संस्थापक सदस्यहरुले साधारण वा आजिवन सदस्यता दिएर विधान बमोजिमको शुल्क बुझाउनु पर्नेछ।

**(ग) आजीवन सदस्य :**

संस्थाको विकासका लागि विशेष सहयोग दान पुऱ्याउने वा विधानले तोकेको शुल्क बुझाउने व्यक्तिहरुलाई तोकिएको प्रक्रिया अर्न्तगत आजीवन सदस्यता प्रदान गरिनेछ।

**(घ) मानार्थ सदस्य :**

उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ। यस किसिमका सदस्यको मताधिकार हुने छैन।

**७. सदस्य प्राप्तीको लागि आवश्यक योग्यता :**

यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(क) नेपाली नागरिकता भएको हुनु पर्नेछ।
(ख) ……………… वर्ष उमेर पुरा गरेको।
(ग) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा कसुरदार ठहरी सजाए नपाएको ।
(घ) संस्थाको विधान, नियमावली, निर्देशिका तथा नीति स्वीकार गर्न सहमत भएको।
(ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको।

**८. संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्थाः**

देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यताको सदस्य पद प्राप्त गर्न सक्ने छैन।

(क) गैर नेपाली नागरिक।

(ख) .......... वर्ष उमेर पुरा नभएको।

(ग) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको।

(घ) संस्थालाई अहित हुने काम गरेको ठहरेमा।

(ङ) संस्थाबाट सदस्यले पालना गर्न बनाएको आचार संहिता उल्लंघन गरेको ठहर भएमा,

(च) संस्थालाई व्यक्तिगत स्वार्थसिद्धिको रुपमा लिई वा कार्य गरी संस्थालाई हानी पुग्ने कार्य गरेमा,

(छ) सदस्यता नविकरण नगरेमा,

(ज) साहुको दामासाहीमा परेको।

(झ) मृत्यु भएमा,

**९. सदस्यताको समाप्तिः**

(१) संस्थाका कुनै पदाधिकारी वा सदस्य देहायका अवस्थामा आफ्नो पद वा सदस्यताबाट हट्न सक्नेछ।

(क) यस विधानको दफा ८ बमोजिमको सदस्यता प्राप्त गर्न नसक्ने भएमा।

(ख) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा।

(ग) संस्थाको साधारण सभाको ७५% भन्दा बढी सदस्यबाट सदस्यता खारेज गर्ने प्रस्ताव पारीत गरेमा,

(घ) मृत्यु भएमा।

(ङ) संस्थाको काम कारवाहीमा वेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा।

(च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा।

(छ) संस्था विघटन भै खारेजी भएमा।

(२) संस्थामा आवद्ध सदस्यमध्ये कसैलाई सदस्यबाट निष्काशन वा हटाउन वा पद समाप्त गर्नु पूर्व एक पटक निजलाई आवश्यक प्रमाण सहित सफाईको मौका दिन सकिनेछ।

(३) कुनै पदाधिकारी वा सदस्यको अयोग्यता सम्वन्धी निर्णय कार्य समितिले र अन्तिम निर्णय साधारण सभाले गर्नेछ ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि** : यस विधानको दफा ६ बमोजिमका सदस्यहरुले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन।

**१. साधारण सदस्य :**

क. साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क ............... र सदस्यता शुल्क बापत रु .............. बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ।

ख. त्यस्ता साधारण सदस्यले वार्षिक नविकरण शुल्क रु............. बुझाउनु पर्नेछ।

ग. साधारण सदस्यता प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष............... महिनाको मसान्त सम्म नविकरण गराई सक्नुपर्नेछ। त्यस पछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्नेछ।

**२. संस्थापक सदस्य :**

क. यो संस्था दर्ता हुँदाको बखतमा सदस्यता प्राप्त गरि सकेका व्यक्तिहरु संस्थापक सदस्य हुनेछन्।

ख. संस्थापक सदस्यहरुले साधारण वा आजीवन सदस्यता लिएर विधान बमोजिम शुल्क बुझाउनु पर्नेछ।

**३. आजीवन सदस्य :**

संस्थामा एकमुष्ठ रु............... बुझाई कार्य समितिमा आजीवन सदस्यताका लागि निवेदन दिई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ।

**४. मानार्थ सदस्य :**

साधारण सभाको निर्णयले उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ। यस किसिमका सदस्यको मताधिकार हुने छैन।

५. कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिईनेछ।

६. सबै सदस्यहरुले यस विधान र विधान अर्न्तगत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ।

७. संस्थाले प्रदान गरेको उपदफा १,२,३,४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ।

## परिच्छेद ४

## साधारण सभा, कार्य समिति तथा वैठक सम्बन्धी व्यवस्था

**११. साधारण सभाको गठन :**

१) यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु भएको संस्थाको साधारण सभा गठन हुनेछ। मानार्थ सदस्य आमान्त्रित हुने छन्। साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ।

२) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ।

**क) वार्षिक साधारण सभाः** वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ।

**ख) विशेष साधारण सभाः** संस्थाको कुल सदस्य संख्याको एक चौथाई सदस्यले कुनै विशेष कारण देखाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्य समितिले कम्तीमा ७ दिनभित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ। तर साधारण सभा वा विशेष सभा बसेको ६ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन।

३. यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आ.व. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिने छ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले २ महिना भित्र गरिने छ।

४. यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागी कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागी कम्तीमा ७ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ।

५. उप-दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिम' गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिन पुनः साधारण सभा बोलाइने छ ।

६. साधारण सभा र बिशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिने छ ।

**१२. साधारण सभा काम कर्तव्य र अधिकार :** साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

(क) कार्य समितले पेश गरको योजना कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने ।

(ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण- प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फछ्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

(ग) आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

(घ) संस्थाको बार्षिक कार्य प्रगती विवरण र संस्थाले गरेको कार्यहरुको मुल्यांकन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने।

(ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधी पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरु विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने।

(च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने।

(छ) मानार्थ सदस्यता प्रदान गर्ने।

(ज) कार्य समितिबाट संस्थाको हित अनुकुल भएका काम-कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने।

(झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरवन्दी, पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने।

(ञ)

**१३. कार्य समितिको गठन :**

१. साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने ............. सदस्यीय कार्य समिति गठन गरिने छ।

(क) अध्यक्ष १जना

(ख) उपाध्यक्ष १ जना

(ग) सचिव १ जना

(घ) कोषाध्यक्ष १जना

(ङ) सदस्यहरु ............

२. कार्य समितिको कार्यकाल ............ वर्षको हुने छ।

३. वार्षिक साधारण सभा हुनभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको मनोनित कार्य समितिद्वारा गर्न सकिनेछ।यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्यको पद रिक्त भएको हो, सो सदस्यको बाँकी कार्यकाल सम्मका लागी मात्र हुने छ । तर बाँकी पदहरुको लागी विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्वारा पद पुर्ति गरिनेछ।

४. कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ।तर कार्य समितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१ प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ।

५. कार्य समितिका पदाधिकारीहरुको कुल संख्याको ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभै, कार्य समितिको बैठक बस्ने छैन।

६. कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिती रहेको बैठकमा उपस्थित भएका अन्य सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

७. कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बाझिएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

८. कार्य समितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय किताबमा लेखी राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नु पर्नेछ । तर निर्णयमा असहमती जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ।

९. संस्थाले गर्नु भनेको सम्पुर्ण कार्य कार्यसमितिको निर्णयबाट हुने छ।

१०. माथीका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिने छ।उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिने छ।

**१४. कार्य समितिको काम, कर्तव्य र अधिकार :**

**कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) संस्थाको उद्देश्य पूर्तिको लागि आवश्यक निर्णयहरु गरी त्यसलाई कार्यान्वयन गर्ने।

(ख) संस्थाको कोष परिचालन रेखदेख, संरक्षण, नियन्त्रण तथा बैंक खाता संचालन गर्ने।

(ग) संस्था संचालन गर्न आवश्यक पर्ने नीति, नियमावली, निर्देशिका, आचार संहिता, कार्यक्रम, कार्यप्रक्रिया, कार्ययोजना तयार गरी साधारण सभामा पेश गर्ने र अनुमोदन तथा निर्णय गराई कार्यन्वयन गर्ने।

(घ) संस्थाको लागि आवश्यक सल्लाहकार समिति तथा आवश्यकता अनुसार उपसमितिहरु गठन गरी जिम्मेवारी बाँडफाँड गर्ने।

(ङ) संस्थालाई आवश्यक पर्ने कम्प्युटर, टेलिफोन, फ्याक्स, प्रिन्टर जस्ता कार्यालय सामान तथा आवश्यक साधन खरिद गर्नेछ।

(च) साधारण सभाबाट प्राप्त सुझाव तथा निर्देशन कार्यान्वयन गर्ने।

(छ) संस्थाको कार्य सम्पादन, सुपरिवेक्षण र अनुगमन गरी प्रतिवेदन तयार पार्ने।

(ज) संस्थाको उद्देश्य अनुरुपको कार्यक्रम संचालन गर्न स्थानीय, सरकारी, गैरसरकारी निकायहरु तथा अन्य स्वदेशी एवं विदेशी निकायहरु सँग सम्पर्क तथा समन्वय कायम गरी श्रोत संकलन र परिचालन गर्ने।

**१५. पद त्याग गर्न सक्नेः** अध्यक्षले उपाध्यक्ष मार्फत् कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन्।

**१६. अन्य समितिहरु :**

१) यस विधानको परिधी भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समितिहरु गठन गर्न सक्ने छ तर साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ।

२) उप-समितिहरुको कार्यहरु कार्य समितिले तोकी दिए बमोजिम हुने छ।

## परिच्छेद ५
## पदाधिकारीको काम, कर्तव्य र अधिकार :

**१७. पदाधिकारीको काम, कर्तव्य र अधिकार :**

संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) बैठक र साधारण सभाको अध्यक्षता गर्ने।

(२) संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गरी आवश्यक निर्देशन प्रदान गर्ने।

(३) संस्थाको उद्देश्य पूर्तिका लागि अन्य आवश्यक काम कार्यवाही संचालन गर्ने।

(४) संस्थाका सदस्यहरुको राजीनामा स्वीकृत गर्ने तथा सदस्यता स्वीकृत गर्ने।

(५) संस्थाको सम्पूर्ण चल तथा अचल सम्पत्तिको रेखदेख, संरक्षण, नियन्त्रण तथा बैंक खाता संचालन गर्ने।

(६) आवश्यकता अनुसार संस्थाको बैठक बोलाउने, बैठकमा निर्णायक मत दिने।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने।

(२) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने।

(३) अध्यक्षलाई सहयोग गर्ने।

**(ग) सचिवको काम कर्तव्य र अधिकार :**

(१) अध्यक्षको निर्देशनमा कार्यसमितिको बैठक तथा साधारणसभा बोलाउने।

(२) संस्थाको निर्णयहरुको माइन्यूट लेखी सुरक्षीत राख्ने।

(३) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने।

(४) संस्थाको प्रशासनिक काम कार्यवाही गर्ने।

**(घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) संस्थाको हिसाब-किताब दुरुस्त राख्ने।

(२) संस्थाको कोषको रेखदेख र परिचालन गर्ने।

(३) नियमित रुपमा लेखापरिक्षण गराउने।

(४) साधारण सभामा आर्थिक प्रतिवेदन, वार्षिक आर्थिक क्रियाकलाप र बजेट पेश गर्ने।

**(ङ) सह-सचिवको काम, कर्तव्य र अधिकारः (भएमा मात्र)**

(१) सचिवको अनुपस्थितीमा सचिवले गर्ने सम्पूर्ण काम गर्ने

(२) सचिवको काममा आवश्यक सहयोग प्रदान गर्ने।

(३) संस्थामा आवश्यक पर्ने कामको व्यवस्था गर्ने र प्राप्त जिम्मेवारी पूरा गर्ने।

**(च) सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

(१) कार्यसमितिको बैठकमा सक्रिय सहभागी भै निर्णय प्रक्रियामा भाग लिने।

(२) संस्थाको कार्यक्षेत्र भित्र कुनै समस्या देखापरेमा सो को यथार्थ कुराहरु बैठक समक्ष पेश गर्ने।

(३)

**(छ) सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार :**

(१) समितिको बैठकमा बोलाएका बखत उपस्थित भै आवश्यक सल्लाह, सुझाव तथा राय व्यक्त गर्ने।

(२) साधारण सभामा सहभागी भई संस्थाको ठोस नीति, निर्देशिका, नियमावली निर्माण प्रक्रियामा सहयोग पुऱ्याउने।

(३) संस्थाको कार्यसमितिले कुनै काम र्कावाहीका सम्बन्धमा राय सल्लाह मागेको खण्डमा उपयुक्त रायसुझाव दिने।

(४) संस्थाको हित अनुकूल हुने गरी राय सल्लाह सुझाव दिने।

**१८. गणपुरक संख्याः**

(१) कुल सदस्य संख्याको ६६ प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन।

(२) तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन।

## परिच्छेद ६
## आर्थिक व्यवस्था

### १९. संस्थाको कोष :

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन्:
(क) सदस्यहरुबाट प्राप्त हुने सदस्यता शुल्क।
(ख) कसैले स्वईच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम।
(ग) संस्थाको चल अचल सम्पत्ती वाहेक अन्य वस्तुको विक्रीबाट प्राप्त रकम।
(घ) नविकरण शुल्क।
(ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम।
२. विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृत लिईने छ।
३. संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी खाता संचालन गरिने छ।

### २०. खाता संचालन :

(क) संस्थाको बैंक खाता अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरीने छ।

### २१. कोषको रकम खर्च गर्ने तरिका :

(क) संस्थाको वार्षिक बजेट योजना तथा कार्यक्रम साधारण सभाबाट स्वीकृत भए पछि कार्यसमितिले तोकेको व्यक्तिबाट मात्र कोषको रकम खर्च गरिनेछ।
(ख) कोषको रकम खर्च गर्दा आर्थिक निर्देशिकाको अधिनमा रही खर्च गरिनेछ।
(ग) कोषबाट खर्च भएको रकम आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ।
(घ) कोषको रकम खर्च गर्दा तोकिएको बमोजिम खर्च गर्नुपर्ने छ।

### २२. संस्थाको लेखा र लेखा परिक्षण :

१. संस्थाको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट तवरले राखिने छ।
२. संस्थाको लेखापरिक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखापरिक्षकबाट हुनेछ।
३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतको कर्मचारीहरु खटाई संस्थाको हिसाब किताब जाँच गराउन सक्नेछ।
४. लेखापरिक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ।तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ।
५. संस्थाको लेखा परिक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगती विवरणको १/१ प्रति स्थानिय अधिकारी समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिने छ।

## परिच्छेद ७
## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

**२३. निर्वाचन सम्बन्धी व्यवस्था :**

**(क) निर्वाचन समितिको गठन :**

(१) संस्थाका साधारण सदस्यहरु मध्येबाट कार्यसमितिको निर्वाचनका लागि संयोजक सहित बढीमा ........... सदस्यीय निर्वाचन समिति गठन गरिनेछ।

(२) निर्वाचन समितिले प्रचलित कानुनको परिधिमा रहेर निर्वाचन कार्यविधि आँफै व्यवस्था गर्न सक्नेछ।

(३) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो लगाउन निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुने छ।

(४) निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समिति स्वतः विघटन हुनेछ।

**२४. उम्मेदवारको योग्यता :**

(१) ...........................

(२)

(३)

**२५. अविश्वासको प्रस्ताव :**

१. अविश्वासको प्रस्ताव पेश गर्दा, लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्ध प्रस्ताव पेश भएको हो स्पष्ट खुलाई देहाय बमोजिम पेश गर्नु पर्नेछ

(क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ।

(ख) प्रस्तावको विषयमा स्पष्ट र व्यवहारीक हुनुपर्छ।

(ग) साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४(एक चौथाई) सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पुर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११(४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सुचना दिइने छ।

**३) अविश्वासको प्रस्ताव माथी छलफलको प्रक्रियाः**

(क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप-दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ।

(ख) उप-दफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा तिन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ।

(ग) उप-दफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइने छ ।

**४. अविश्वासको प्रस्ताव माथि निर्णयः**

१. अविश्वासका प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अक्ष्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्ने छ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

ख. साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२) साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुने त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुन अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

**२६. विधान संशोधन** : कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संख्याको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्ने छ ।स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

**२७. नियम बनाउन सक्ने**

१. संस्थाले आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागु हुनेछ र स्थानिय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

२. यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्यवनका लागि कार्यसमितिले कर्मचारीको व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनिमय बनाई लागु गर्ने सक्नेछ। त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**२८. कर्मचारीको व्यवस्था :**

(क) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्यालनको लागि कर्मचारी दरबन्दी सिर्जना , पारिश्रमिक , भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधी तोकिए बमोजिम हुनेछ ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्था संचालन र कार्यान्वयन गर्न विदेशी सल्लाहाकार वा स्वयम सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला समन्वयन समिति र समाज कल्याण परिषदमा समेत जानकारी गराइने छ ।

**२९. संस्था खारेजी :**

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब गर्नको लागि एक वा एक भन्दा बढी लेखा परिक्षकहरु नियुक्त गर्न सक्नेछन्।

३. उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर र लेखा परिक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ।

४. यसरी कारणवस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकि रहने सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ ।

५. संस्था दर्ता ऐन तथा नियमावली र अन्य प्रचलित कानुनको वर्खिलाप हुने गरी कुनै क्रियाकलाप गरेको, बन्द हड्ताल, जुलुश प्रर्दशन तथा सार्वजनिक सम्पत्ति माथि क्षति पुऱ्याउने वा हानी नोक्सानी पुऱ्याउने लगायतका कुनै पनि अराजक गतिविधिमा संलग्न भएको, कार्टेलिङ्ग र कालोबजारी जस्ता गैर कानुनी क्रियाकलाप गरेको वा गर्ने उद्योग गरेको वा त्यस्तो कार्य गर्न कसैलाई प्रोत्साहन गरेको ठहरेमा संस्था दर्ता गर्न अधिकारीले जुनसुकै बखत यो संस्था खारेज गर्न सक्नेछन्।

**३०. ब्याख्या :** यो विधान र विधान अन्तरगत बनेको नियम बिनियमको ब्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ।

**३१. गोप्यता भंग गर्न नहुने :** यस संस्थाका कुनैपनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन।कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन।

**३२. ऐन अनुसार हुने :** यस विधानमा उल्लेख नभएका कुराहरु कानुन बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम, र प्रचलित कानुन सँग बाझिन गएमा बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछन्।

**३३. निर्देशनको पालना :** नेपाल सरकार वा स्थानीय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ।

**३४. तदर्थ समिति :**
१. यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई बिधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउने छ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइने छ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेका काम कारबाहीहरु यसै विधान सरह भएको मानिनेछ।

**३५. हामी.................. निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मन्जुर भई निम्न साक्षीको रोहबरमा विधानमा सहीछाप गर्दछौ।**

| संस्थापकको नाम, थर, वतन र सहिछाप | साक्षीको नाम, थर, वतन र सहीछाप |
|---|---|
| १. नाम थर ......................................<br>ठेगाना : ........................... | १. नाम थर : ..........................................<br>ठेगाना : ........................................... |
| २. नाम थर : ........................................<br>ठेगाना : .................................... | २. नाम थर : ...........................................<br>ठेगाना : .......................................... |
| | |

## अनुसूची १
## संस्थाको छाप र चिन्ह

संस्थाको छाप र चिन्हको विवरण आकार, प्रकार एवं अन्य विवरणहरुको सम्बन्धमा उल्लेख गर्ने।

## तिनपुस्ते खुल्ने विवरण

| क्र.सं. | पद | नामथर | ना.प्र.नं. र जारी मिति | बावुको नामथर | बाजेको नामथर | ठेगाना र सम्पर्क नं. | फोटो | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |